# "विष्फोटक पदार्थ ढुवानी, भण्डारण र विष्फोटन सुरक्षा तथा फौज व्यवस्थापन, अनुगमन, नियमन र सुविधा सम्बन्धी मापदण्ड- २०८१"

## प्रस्तावना

नेपाली सेनाले विभिन्न आयोजनाहरुको लागि आवश्यक पर्ने विष्फोटक पदार्थको ढुवानी, भण्डारण, प्रयोगको अनुगमन तथा विष्फोटनको समयमा सुरक्षा प्रदान गर्दै आइरहेको छ । **विष्फोटक पदार्थ आयात, ओसारपसार, सञ्चय र प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३** को अनुसूची २ को बुँदा नं. (३) ले दिएको अधिकार प्रयोग गरी विभिन्न आयोजनाहरुको विष्फोटक पदार्थ ढुवानी, भण्डारण र विष्फोटन सुरक्षामा खट्टिए वापत सम्बन्धित आयोजनासँग आपसी सहमतिमा आवश्यक सुविधाहरु प्राप्त गर्ने कार्यलाई नियमन तथा एकरूपताको लागि **"विष्फोटक पदार्थ ढुवानी, भण्डारण र विष्फोटन सुरक्षा तथा फौज व्यवस्थापन, अनुगमन, नियमन र सुविधा सम्बन्धी मापदण्ड- २०८१"** तयार गरी लागु गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो मापदण्डको नाम **"विष्फोटक पदार्थ ढुवानी, भण्डारण र विष्फोटन सुरक्षा तथा फौज व्यवस्थापन, अनुगमन, नियमन र सुविधा सम्बन्धी मापदण्ड- २०८१"** रहेको छ।

(ख) यो मापदण्ड श्री प्रधान सेनापतिबाट सदर भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) **'आयोजना'** भन्नाले नेपाल सरकारको स्वीकृति प्राप्त गरी सञ्चालन भएका सरकारी वा गैर सरकारी वा समुदायको विकास निर्माणका पूर्वाधारहरु जस्तैः सडक, जलविद्युत् आयोजना, सुरुङ, पुल तथा औद्योगिक प्रतिष्ठान भन्ने सम्झनु पर्दछ ।

(ख) **'विष्फोटक पदार्थ'** भन्नाले विभिन्न आयोजनाहरुले निर्माण कार्यको लागि विष्फोटन गर्न विष्फोटक पदार्थ सम्बन्धी मौजुदा कानूनबमोजिम स्वीकृति लिई स्वदेश वा विदेशबाट खरिद/आयात गरिएको विष्फोटक पदार्थहरु भन्ने सम्झनु पर्दछ ।

(ग) **'विष्फोटन'** भन्नाले विभिन्न आयोजनाहरुले नेपाल सरकारबाट स्वीकृत स्थानमा आयोजना निर्माणको दौरान नेपाली सेनाको निगरानीमा निर्माण स्थलमा गर्ने विष्फोटनको कार्य भन्ने सम्झनु पर्दछ।

(घ) **'अनुगमन समिति'** भन्नाले विष्फोटक पदार्थको ढुवानी, भण्डारण र सुरक्षाको अनुगमन गर्न गठन गरिएको समिति भन्ने सम्झनु पर्दछ ।

(ङ) **'ब्लाष्टर'** भन्नाले प्रचलित ऐनबमोजिम विष्फोटन कार्य गर्ने स्वीकृति प्राप्त व्यक्ति सम्झनु पर्दछ।

(च) **'डिष्पोजल'** भन्नाले बेसाबुद अवस्थामा रहेका विष्फोटक पदार्थहरुलाई वर्निङ्ग तथा डेमोलिशन विधिद्वारा नष्ट गर्ने कार्य भन्ने सम्झनु पर्दछ ।

(छ) **'सुरक्षा फौज'** भन्नाले नेपाली सेनाको फौज सम्झनु पर्दछ ।

## परिच्छेद-२

## विष्फोटक पदार्थको ढुवानी

३. प्रचलित ऐनअनुसार नेपाल सरकारको स्वीकृति लिई स्वदेश तथा विदेशबाट खरिद/आयात भएको विष्फोटक पदार्थ भन्सार विन्दु वा नेपाली सेनाको प्लान्टबाट आयोजनाको भण्डारण स्थलसम्म ढुवानी गर्दा सम्बन्धित आयोजनाले निम्नानुसार आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(क) विष्फोटक पदार्थको ढुवानी गर्दा आयोजनाले गर्नुपर्ने व्यवस्थाः-

(१) ढुवानी गर्ने विष्फोटक पदार्थको परिमाणअनुसार सवारी साधन सम्बन्धित आयोजनाले उपलब्ध गराउनु पर्नेछ ।

(२) विष्फोटक पदार्थ ढुवानी गर्ने सवारी साधनको यान्त्रिक र संरचनागत चालु अवस्था सही र दुरुस्त भएको यकिन गर्न आयोजनाले प्राविधिकको व्यवस्था गर्नुपर्नेछ ।

(३) ढुवानीको क्रममा सवारी साधन बिग्रन सक्ने हुँदा आवश्यक औजारसहित Vehicle Mechanics समावेश गर्नुपर्ने र सम्बन्धित आयोजनाबाट जगेडा सवारी साधनको समेत व्यवस्था हुनुपर्नेछ ।

(४) ढुवानीको लागि प्रयोग हुने प्रत्येक सवारी साधनमा आगलागी नियन्त्रणका औजार/उपकरण सामग्रीहरु र प्राथमिक उपचार झोला (First Aid Kit) अनिवार्य हुनुपर्नेछ ।

(५) ढुवानीको दौरान विष्फोटक पदार्थ बोक्ने प्रत्येक सवारी साधनमा प्रष्टरुपमा देखिने गरी खतराको सङ्केत टाँस्नु पर्नेछ ।

(६) सुरक्षा संवेदनशीलतालाई न्यूनीकरण गर्न विष्फोटक पदार्थ ढुवानी गर्ने सवारी साधनहरु निम्नअनुसार व्यवस्था गरेको गर्नुपर्नेछ ।

(अ) विष्फोटक पदार्थ, डेटकर्ड र डेटोनेटर ढुवानीको लागि छुट्टाछुट्टै सवारी साधनको व्यवस्था गर्नुपर्नेछ ।

(आ) विष्फोटक पदार्थको सुरक्षार्थ खटिने सुरक्षा फौजको सवारी साधन र विष्फोटक पदार्थ ढुवानी गर्ने सवारी साधन फरक-फरक हुनुपर्नेछ ।

(इ) विष्फोटक पदार्थ बोक्ने सवारी साधनहरुको सङ्ख्याअनुसार स्कर्टको लागि सवारी साधन निम्नअनुसार हुनुपर्नेछ । डेटोनेटर र डेटकर्ड ढुवानी गर्नु परेमा निम्न अनुसार सवारी साधनको अनुपातमा फौजको नफ्री खटाउनु पर्नेछ ।

| सि.नं. | विष्फोटक पदार्थको परिमाण (टन) | मालवाहक सवारी साधनको सङ्ख्या | स्कर्ट सवारी सङ्ख्या (गोटा) | खटिने फौजको नफ्री (कमाण्डर अधिकृत) | कै. |
|---|---|---|---|---|---|
| १. | ०.२५-२० | १ देखि २ | २ | १/१० | |
| २. | ३०-५० | ३ देखि ५ | ३ | १/१० | |
| ३. | ५०-१०० | ५ देखि १० | ५ | १/१८ | |
| ४. | १००-२०० | १० देखि २० | ७ | १/२८ | |
| ५. | २००-४०० | २० देखि ४० | १० | १/३४ | |

(ई) विष्फोटक पदार्थ ढुवानी गर्ने सवारी साधनहरुबिच उचित दुरी र नजरी मिलाप हुनुपर्नेछ । साथै, एउटा स्कर्ट सवारीले हरहमेसा विष्फोटक पदार्थ बोकेको सवारीलाई नजरी मिलापमा राख्नु पर्नेछ । एउटा सवारी साधनमा बढीमा १० हजार के.जि. भन्दा बढी विष्फोटक पदार्थ ढुवानी गर्न पाइने छैन ।

(उ) विष्फोटक पदार्थ ढुवानी गर्ने सवारी साधनको धातुको भागहरुबिच घर्षण हुनबाट रोक्न काठ वा रबर राख्ने व्यवस्था गर्नुपर्दछ ।

(ऊ) विष्फोटक पदार्थ ढुवानी गर्ने सवारी साधनको मापदण्ड परिशिष्ट "क" अनुसार हुनु पर्नेछ ।

(ए) ढुवानी सुरक्षा कार्यको दौरान लगातार वा पटक पटक गरी एक दिनमा ८ (आठ) घण्टा भन्दा बढी एउटै सवारी चालकले सवारी चलाउन सक्ने छैन । सो भन्दा बढी चलाउनु पर्ने भएमा चालक बदली गर्नुपर्नेछ ।

(७) ढुवानीको दौरान रात्री मुकाम पायक पर्ने नेपाली सेनाको ब्यारेकमा व्यवस्था गर्नेछ । विशेष परिस्थितिमा ब्यारेक बाहिर रात बस्ने अवस्था आएमा सुरक्षा फौजको रात्री मुकामलगायत अन्य बन्दोबस्ती पक्षको उचित व्यवस्थापन आयोजनाले मिलाउनु पर्नेछ । सूर्यास्त पूर्व नै गन्तव्यमा पुग्न नसक्ने अवस्थामा गैर सैनिक आवास क्षेत्र भन्दा कम्तीमा १ (एक) कि.मि. टाढा सुरक्षित स्थान छनौट गरी राख्नु पर्नेछ ।

(८) स्वदेश तथा विदेशबाट खरिद/आयात भएको विष्फोटक पदार्थ आयोजनाको भण्डारण स्थलसम्म ढुवानी गर्दा सम्बन्धित आयोजनाले प्रदान गर्ने सेवा सुविधा भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (१) को अनुसूचीमा उल्लेख भएको दैनिक भत्ता दरलाई आधार मानी निम्नअनुसारको हुनेछ र भ्रमण खर्च प्राप्त गरेका सैनिक व्यक्तिहरुको सम्बन्धित युनिटले राशन सङ्ख्या घटाउनु पर्नेछ ।

| सि.नं. | दर्जा | तह | दैनिक दर (रु.) |
|---|---|---|---|
| १. | अधिकृत | द्वितीय | १६००।- |
| २. | जुनियर अधिकृत (सुवेदार/जमदार)/अन्यदर्जा | तृतीय | १२००।- |